२०५५।५६

# श्री ५ महाराजाधिराजबाट

## संसदको चौधौं अधिवेशनको दुवै सदनको संयुक्त बैठकलाई बक्सेको शाही सम्बोधन

सम्वत् २०५५ साल आषाढ १७ गते रोज ४

# श्री ५ महाराजाधिराजबाट

## संसदको चौधौं अधिवेशनको दुवै सदनको संयुक्त बैठकलाई बक्सेको शाही सम्बोधन

*प्रतिनिधि सभाका सभामुख,*
*राष्ट्रिय सभाका अध्यक्ष तथा*
*सांसदहरू,*

१. संसदको यस चौधौं अधिवेशनलाई सम्बोधन गर्न पाउँदा हामीलाई खुशी लागेको छ । विगतका अनुभवहरूलाई ध्यानमा राख्दै आम राष्ट्रिय सहमतिका आधारमा बहुदलीय संसदीय व्यवस्था सामु देखिएका चुनौतीहरूको सामना गरी यस व्यवस्थाको सुदृढीकरण तथा देश र जनताको सर्वाङ्गीण हित र समुन्नतिका लागि मेरो सरकार कटिबद्ध रहने छ ।

२. विकासका सम्पूर्ण प्रयासहरू मार्फत उच्च आर्थिक वृद्धिदर हासिल गरी मानव विकास र गरीबी निवारण गर्नु मेरो सरकारको प्रमुख उद्देश्य रहनेछ । यस क्रममा, विकास आयोजनाहरूमा गरिने लगानीको उच्चतम प्रतिफल प्राप्त गर्न र ती आयोजनाहरूको कार्यान्वयन क्षमतामा अपेक्षित सुधार गर्न विद्यमान अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई आवश्यक परिमार्जन सहित सुदृढ गर्दै लगिनेछ । खुला, उदार एवं बजारमुखी अर्थ व्यवस्थातर्फ उन्मुख आर्थिक सुधार कार्यक्रमलाई सामाजिक न्यायका आधारमा मेरो सरकारले निरन्तरता दिनेछ ।

३. कर चुहावट, तस्करी जस्ता आर्थिक अपराधका विरुद्ध मेरो सरकारले कार्यभार सम्हालेकै बखत शुरु गरेको अभियानलाई आगामी वर्ष अझ सशक्त बनाइनेछ र राजस्व अनुसन्धानतर्फ हाल अपनाइएको सुधार तथा अनुगमनको व्यवस्थालाई अझ प्रभावकारी बनाइनेछ । मूल्य अभिवृद्धि कर तथा अन्य कर सम्बन्धी निकायहरूबीच समन्वय ल्याई कर प्रशासनमा "एक द्वार प्रणाली" लागू गर्न आवश्यक व्यवस्था मिलाइनेछ । मूल्य अभिवृद्धि कर आगामी वर्षदेखि पूर्ण रूपमा लागू गरिनेछ । सरकारी संस्थानहरूको आर्थिक स्थिति र वित्तीय कार्यकुशलता वृद्धि गर्नका लागि विस्तृत अध्ययनका आधारमा ती संस्थानहरूमा निजी क्षेत्रलाई सहभागी बनाउने कार्यलाई निरन्तरता दिइनेछ । निजीकृत संस्थानहरूको प्रभावकारिताको अनुगमन व्यवस्थालाई संस्थागत गरिनेछ । गरीब र पिछडिएका वर्गमा ऋणको पहुंच बढाउन तथा वाणिज्य बैंकहरूले दिने र लिने ब्याजदरका बीचको दूरी क्रमशः घटाउन उपयुक्त पाइला चालिनेछ । अर्थतन्त्रमा देखिएको विद्यमान मन्दी हटाउन निजी क्षेत्रको लगानी बढाई पूंजी निर्माण, उत्पादन, उत्पादकत्व तथा रोजगारीका अवसरहरू वृद्धि गर्न मेरो सरकार प्रतिबद्ध रहेको छ । सरकारी क्षेत्रमा अनावश्यक र अनुत्पादक खर्च नियन्त्रणका लागि तुरुन्त एक निर्देशिका तयार गरी आगामी आर्थिक वर्ष देखि कार्यान्वयन गरिनेछ ।

४. जलस्रोतको समग्र विकास गर्ने लक्ष्य अनुरूप यस क्षेत्रमा वाहय र स्थानीय लगानीकर्तालाई आकर्षित गर्न मेरो सरकारले विद्यमान नीति र कानूनमा समसामयिक सुधार गर्नेछ । स्थानीय लगानीकर्ताहरूलाई साना जलविद्युत्को विकासमा प्रोत्साहन दिन १ देखि १० मेगावाट क्षमता सम्मका जलविद्युत् आयोजनाहरूका निमित्त सरल रूपमा इजाजत उपलब्ध गराइनेछ । राष्ट्रिय



विद्युत् प्रसारण लाइनमा आबद्ध हुन सक्ने १ मेगावाट सम्मको विद्युत् उत्पादन नेपाल विद्युत प्राधिकरणद्वारा खरीद गरिनेछ । विद्युत् उत्पादन कार्यमा निजी क्षेत्रलाई प्रोत्साहित गर्न विद्युत् खपत पूर्वानुमानका आधारमा विद्युत् खरीद गर्ने नीति कायमै राखिनेछ । जलस्रोत विकासको दीर्घकालीन नीति तय गर्न र सम्वेदनशील विषयहरू तथा वृहत् आयोजनाहरूका सम्बन्धमा राष्ट्रिय सहमति प्राप्त गर्न जलस्रोत विकास परिषद् तथा जल तथा शक्ति आयोगको भूमिकालाई प्रभावकारी बनाइनेछ । नेपाल विद्युत् प्राधिकरणको कार्यकुशलतामा वृद्धि गर्न यसको संरचनामा सुधार गरी अनावश्यक खर्च र चुहावट नियन्त्रणको व्यवस्था मिलाई सबभन्दा बढी चुहावट भएका जिल्लाहरूलाई मुनाफा केन्द्रमा परिणत गरिनेछ । कृषि र उद्योग क्षेत्रलाई भरपर्दो विद्युत् सेवा र राहत उपलब्ध गराउन बढी चाप र कम चापको समयमा फरक-फरक महसूल दर कायम गर्ने गरी कम चापको समयमा कम महसूल लगाउने नीति लिइनेछ । ग्रामीण विद्युतीकरण कार्यक्रमलाई कृषि र सिंचाइसंग आबद्ध गरी ट्यूबवेल सिंचाइका लागि विद्युत् उपलब्ध गराउन एकीकृत कार्यक्रम संचालन गरिनेछ ।

५. स्थानीय निकायलाई उपलब्ध गराइने स्रोत र साधनलाई बढी पारदर्शी, कार्यक्रममुखी एवं जिम्मेवारीपूर्ण बनाइनेछ र यसको अनुगमन एवं सूचना प्रणालीलाई सुदृढ गरिनेछ । स्थानीय भौतिक पूर्वाधारहरूको एकीकृत विकास एवं ग्रामीण कृषि सडक कार्यक्रमको प्रभावकारी संचालनका लागि स्थानीय विकास मन्त्रालय अन्तर्गत स्थानीय पूर्वाधार तथा कृषि सडक विभागको स्थापना गरिनेछ । विपन्न अवस्थामा रहेका महिला, उपेक्षित, उत्पीडित, दलित जनजाति एवं आदिवासीहरू र दुर्गम क्षेत्रका जनताको जीवनस्तरमा सुधार ल्याउन संचालित कार्यक्रमहरूलाई अझ व्यापक बनाई निरन्तरता दिइनेछ ।

६. संसदमा पेश भएको स्वायत्त शासन विधेयक अनुरूप विकेन्द्रीकरणको माध्यमद्वारा स्थानीय निकायहरूलाई सक्षम र सुदृढ तुल्याउन मेरो सरकार प्रतिबद्ध छ । देशमा बढ्दै गएको बेरोजगारी समस्याप्रति वर्तमान सरकार संवेदनशील छ । "गाउँ-गाउँमा विकास, घर-घरमा रोजगार" कार्यक्रम लागू गर्न ग्रामीण विकास बैंक, महिला लघु ऋण, ग्रामीण स्वावलम्बन कोष तथा गरीबी निवारण सम्बन्धी अन्य कार्यक्रमहरूलाई समन्वयात्मक रूपमा संचालन गरिनेछ ।

बेरोजगारीको समाधानका लागि श्रम बजारको आवश्यकता अनुरूप श्रम आपूर्ति हुनु जरूरी छ । यस निम्ति उद्योग, सेवा, कृषि तथा अन्य क्षेत्रमा संचालित सबै प्रकारका सीपमूलक एवं व्यवसायमूलक प्रशिक्षण कार्यक्रमहरूलाई श्रम बजारको आवश्यकता अनुरूप समन्वयात्मक ढंगले संचालन गर्ने गरी रोजगारी प्रवर्द्धन समितिको छातामुनि ल्याइनेछ ।

७. औद्योगिकीकरणको गतिमा तीव्रता ल्याउन मेरो सरकारले आवश्यक संस्थागत तथा प्रक्रियागत सुधार गरी स्वदेशी तथा विदेशी लगानीलाई प्रोत्साहित गर्नेछ । साना व्यवसाय र उद्यमलाई रोजगार प्रवर्द्धनको माध्यम बनाउन उपलब्ध संसाधन, प्रविधि र ऋणलाई एकीकृत रूपमा परिचालन गर्ने कार्यक्रम लागू गरिनेछ । औद्योगिक प्रतिष्ठानहरूमा ऊर्जा बचत व्यवस्थापन कार्यक्रमलाई प्रोत्साहित गरिनेछ । सूचना प्रविधिको प्रयोग गरी सफ्टवेयरको विकास एवं निकासीलाई प्रोत्साहित गरिनेछ ।

८. अन्तर्राष्ट्रिय बजारमा पर्यटन प्रवर्द्धन गर्न र पर्यटन पूर्वाधारको उचित व्यवस्था गर्न निजी क्षेत्र समेतको सहभागितामा मेरो सरकारले नेपाल पर्यटन बोर्डलाई आगामी आर्थिक वर्षदेखि संचालनमा ल्याउनेछ । पर्यटन क्षेत्रको लागि आवश्यक जनशक्तिको स्तर वृद्धि गर्न देशभित्रै होटेल व्यवस्थापनको उच्चस्तरीय अध्ययनको व्यवस्था गरिनेछ । क्षेत्रीय एवं अन्तर्राष्ट्रिय उडानहरू संचालन गर्न भैरहवा र विराटनगर विमानस्थलको विकास एवं विस्तार गरिनेछ । भू-उपग्रहमा आधारित हवाइ पथ प्रदर्शन प्रणाली क्रमिक रूपमा लागू गरिनेछ । विश्वका बढीभन्दा बढी मुलुकहरूसंग हवाइ संझौता गरी पर्यटकको आवागमनलाई सुगम बनाइनेछ ।

९. नेपालको बढ्दो व्यापार घाटा कम गर्न निर्यातयोग्य नयाँ वस्तुहरूको पहिचान तथा उत्पादनलाई प्रोत्साहित गरिनेछ । नेपाली उत्पादनहरूको गुणस्तर तथा प्रतिस्पर्धात्मक क्षमता बढाई अन्तर्राष्ट्रिय व्यापारबाट समुचित लाभ हासिल गर्न पारवहन तथा ढुवानी व्यवस्थापनलाई सुदृढ र कम खर्चिलो बनाइनेछ । सार्क राष्ट्रहरूबीच हाल विद्यमान सौविध्यपूर्ण व्यापार प्रणालीबाट अगाडि बढ्दै स्वतन्त्र व्यापार प्रणालीसम्म पुग्न मेरो सरकार प्रतिबद्ध छ । विश्व व्यापार संगठनको सदस्यता प्राप्त गर्न आवश्यक कदम चालिनेछ ।

१०. जनताका दैनिक उपभोग्य वस्तुहरू सर्वसुलभ ढंगले आपूर्ति गर्न तथा मूल्यमा



स्थिरता कायम राख्न मेरो सरकारले बजार अनुगमन प्रणालीलाई प्रभावकारी बनाउनेछ । पेट्रोलियम पदार्थको भण्डार क्षमतामा वृद्धि गर्न तथा यसको आयात र बिक्री वितरणमा निजी क्षेत्रलाई समेत सहभागी गराउन स्वीकृत कार्य योजनाको क्रमिक कार्यान्वयन गरिनेछ । दुर्गम क्षेत्रमा दिइने आवश्यक खाद्यान्न ढुवानी अनुदान कायमै राखिनेछ ।

११. उत्तर-दक्षिण मार्गहरू तथा जिल्ला सदरमुकाम जोड्ने सडकहरूको निर्माण तथा तराइ क्षेत्रको हुलाकी बाटोको सुधारलाई मेरो सरकारले प्राथमिकता दिनेछ । उत्पादन क्षेत्रलाई बजारसंग जोड्ने, जलविद्युत् एवं पर्यटन विकासलाई सघाउ पुऱ्याउने र ग्रामीण क्षेत्रमा आवागमन, यातायात तथा ढुवानी सेवालाई विस्तार गर्ने दृष्टिकोण राखी सडक, पुल तथा झोलुङ्गे पुलहरूको निर्माण गरिनेछ । सडक, रेलवे, रोपवे, जलमार्ग जस्ता यातायात सेवाको विकासमा निजी क्षेत्रलाई सहभागी बनाउने नीति लिइनेछ । बनिसकेका सडक तथा पुलहरूको मर्मत, संभार एवं स्तरोन्नतिका लागि सडक संभार कोष खडा गर्नुका साथै यस कार्यमा निजी क्षेत्रलाई समेत सहभागी बनाइनेछ ।

१२. मेरो सरकारले २० वर्षे कृषि योजनाले निर्धारित गरेका कार्यक्रमलाई प्राथमिकता दिंदै सिंचाइ, प्रविधि, ऋण, रासायनिक मलखाद तथा अन्य सामग्री, सडक र विद्युतीकरण जस्ता पक्षहरूलाई समेटी एकीकृत रूपमा कृषि विकास कार्यक्रम संचालन गर्नेछ । तुलनात्मक लाभ, भौगोलिक संभाव्यता तथा उपलब्ध पूर्वाधारहरूको आधारमा निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापनका दृष्टिले महत्वपूर्ण ठहरिने कृषि उत्पादन कार्यक्रमहरू कृषकहरूकै सहभागितामा संचालन गरिनेछन् । कृषि क्षेत्रको व्यवसायीकरण, विविधीकरण र आधुनिकीकरणबाट ग्रामीण किसानको जीवनस्तर उठाउन मेरो सरकार प्रतिबद्ध छ ।

१३. मेरो सरकारले भूमि तथा जनसंख्याका बीच उचित सन्तुलन कायम हुने गरी समष्टिगत भू-उपयोग योजना अध्ययन गर्न आवश्यक व्यवस्था मिलाउनेछ । जग्गाको अभिलेखलाई वैज्ञानिक तवरले व्यवस्थित गर्नका लागि भू-सूचना प्रणालीको विकास गरिनेछ । कमैयाहरूको व्यवस्थित बसोबास तथा उनीहरूका लागि सुविधायुक्त ऋण र रोजगारका अवसरहरू उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ । मेरो सरकारले आगामी दुई वर्षभित्र कमैया ऋण मोचन कार्य सम्पन्न गर्ने लक्ष्य राखेको छ । आगामी आर्थिक वर्षभित्र वास्तविक

मुकुम्वासीहरूको पहिचान गरी उनीहरूको व्यवस्थित बसोबासको कार्य संम्पन्न गरिनेछ । गुठीको आय-स्रोतको प्रभावकारी परिचालनद्वारा गुठी-संपदाको समुचित संरक्षण गरिनेछ ।

१४. मेरो सरकारले सामुदायिक तथा कबुलियती वन विकास कार्यक्रमलाई रोजगारीमूलक बनाई जनताका लागि वन पैदावारको दैनिक आवश्यकता पूर्ति गर्ने र उद्योगका लागि कच्चा पदार्थ आपूर्ति गर्ने व्यवस्था मिलाउनेछ । वनक्षेत्रमा ठूलो परिमाणमा सडी-गली खेर गैरहेको काठ-दाउराको बिक्री वितरणको समुचित व्यवस्था गरी राजस्वमा योगदान पुर्‍याइनेछ । तराइ क्षेत्रको वनलाई व्यवस्थित र उत्पादनशील बनाउन वैज्ञानिक कार्य योजनाको तर्जुमा गरी त्यसको क्रमिक कार्यान्वयन गरिनेछ । चुरे जस्ता भू-क्षयको दृष्टिले संवेदनशील क्षेत्रको संरक्षण कार्यक्रम जनसहभागिताको आधारमा संचालन गरिनेछ । देशमा विद्यमान अपार जैविक विविधता तथा लोप हुन लागेका जीव-जन्तु तथा वनस्पतिको अनुसन्धान र सर्वेक्षण गरी तिनको संरक्षण तथा व्यवस्थापन गरिनेछ । राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु आरक्ष वरिपरि जनसहभागितामा आधारित सामुदायिक विकास तथा आय आर्जनका कार्यक्रम संचालन गरिनेछन् ।

१५. विकासका क्रियाकलापहरूबाट वातावरणमा पर्न सक्ने असरको मूल्याङ्कन गर्ने कार्यलाई अघि बढाइनेछ । निर्धारित मापदण्ड बमोजिम प्रदूषण नियन्त्रण गर्ने कार्यक्रमलाई कडाइका साथ कार्यान्वयन गरिनेछ । वातावरण संरक्षणतर्फ गैर-सरकारी एवं निजी क्षेत्रलाई अझ सरीक बन्न प्रेरित गरिनेछ । जनसंख्या नीतिलाई परिमार्जन गरी जनसंख्या व्यवस्थापनलाई विकास कार्यक्रमसंग एकीकृत गरिनेछ ।

१६. नवौं योजनाको अन्त्यसम्म सबै देशवासीहरूलाई स्वच्छ खानेपानी उपलब्ध गराउने लक्ष्य राखी मेरो सरकारले खानेपानी तथा सरसफाइ कार्यक्रमको कार्यान्वयनमा तीव्रता ल्याउनेछ । काठमाडौंको खानेपानी समस्याको दीर्घकालीन समाधानका लागि मेलम्ची खानेपानी आयोजनालाई कार्यान्वयनमा ल्याइने छ । ग्रामीण समुदाय आफैले गैर-सरकारी सामुदायिक संस्था, निजी क्षेत्र र स्थानीय निकायको सहयोगमा खानेपानी तथा सरसफाइ आयोजनाको छनौट र संचालन गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ । पशुपति क्षेत्रका साथै बागमती र



विष्णुमती नदीलाई प्रदूषणमुक्त बनाउने कार्यक्रम प्राथमिकताका साथ संचालन गरिनेछ । काठमाडौं उपत्यकाको विस्तृत भू-उपयोग तथा क्षेत्रगत नक्सा तयार गरी एकीकृत रूपमा पूर्वाधारहरूको विकास गर्दै सुनियोजित शहरी विकास तथा सुधारको कार्यक्रम कार्यान्वयन गरिनेछ ।

१७. जनसहभागिता परिचालन गरी पूर्व-प्राथमिक तथा अनिवार्य प्राथमिक शिक्षाको विस्तार गर्दै लगिनेछ । निरन्तर विद्यार्थी मूल्याङ्कनको आधारमा कक्षा ३ सम्म कक्षा चढाउँदै लैजाने उदार बाल शिक्षा नीति लागू गरिनेछ । शिक्षण पेशालाई निष्पक्ष र मर्यादित बनाउन राष्ट्रिय स्तरमा विद्यालय शिक्षक सेवा आयोग गठन गरिनेछ । महिला, विपन्न तथा पिछडिएका समुदायलाई थप शैक्षिक अवसर उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ । मुलुकलाई आवश्यक पर्ने सीपयुक्त जनशक्ति उत्पादन गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमलाई अरु व्यापक बनाइनेछ । उच्च माध्यमिक शिक्षालाई विद्यालय शिक्षाको एकीकृत व्यवस्थापनभित्र समाहित गर्दै लग्ने नीति लिइनेछ । विश्वविद्यालयहरूको व्यवस्थापकीय पक्षमा सुधार गरी तिनलाई आत्मनिर्भर बनाउन प्रभावकारी कदमहरू चालिनेछन् । इन्जिनियरिङ, चिकित्साशास्त्र, वन, कृषि जस्ता प्राविधिक शिक्षामा जनजाति, आदिवासी तथा दलित समुदायको सहभागितामा वृद्धि गर्न प्राथमिकता दिई विशेष व्यवस्था मिलाइनेछ ।

१८. मेरो सरकारले महिलाहरूलाई समानता र सशक्तीकरणको माध्यमबाट राजनीतिक, आर्थिक, सामाजिक तथा कानूनी क्षेत्रमा अधिकारसम्पन्न बनाउने कार्यक्रम संचालन गर्नेछ । असहाय, बाल, वृद्ध एवं अपांगहरूलाई मानवोचित जीवनयापनका लागि सक्षम बनाउने कार्यक्रम जारी राखिनेछ । चेली-बेटी बेच-बिखन तथा देह-व्यापारलाई गैर-सरकारी संस्थाहरू समेतको सहयोगमा कडाइका साथ नियन्त्रण गरी पुनर्स्थापना कार्यक्रम संचालन गरिनेछ । गैर-सरकारी संस्थाहरूको काम-कारवाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ ।

१९. मेरो सरकारले खेलकूद क्षेत्रको गुणात्मक विकास तथा खेलाडीहरूको वृत्ति विकासका लागि राष्ट्रिय खेलकूद विकास कोषको स्थापना गर्नेछ । आठौं दक्षिण एशियाली खेलकूद आयोजनाको लागि आवश्यक तयारी पूरा गरिनेछ । विश्व सम्पदा सूचीमा समावेश भएका स्मारकहरू तथा अन्य गौरवपूर्ण सांस्कृतिक

सम्पदाको संरक्षण एवं सम्वर्द्धन कार्य जारी राखिनेछ । सांस्कृतिक सम्पदा क्षेत्रमा बसोबास गर्ने नागरिकहरूको आर्थिक उत्थानका लागि अवसरहरू सृजना गरिनेछन् । साहित्य, संगीत र कलाका विविध विधाहरूको संरक्षण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

२०. आगामी एक्काइसौं शताब्दीमा चुनौतीपूर्ण भूमिका निर्वाह गर्न विज्ञान तथा प्रविधिको क्षेत्रलाई मेरो सरकारले विशेष महत्त्व दिनेछ । वैज्ञानिक तथा प्राविधिक सेवालाई बढी मर्यादित र आकर्षक तुल्याई दक्ष जनशक्तिलाई देशभित्रै कार्यरत रहन प्रोत्साहित गरिनेछ । वैदेशिक सहयोग समेत जुटाई वैकल्पिक ऊर्जाको विकासद्वारा ग्रामीण क्षेत्रमा ऊर्जाको आपूर्ति सुलभ गराइनेछ । मौसमको पूर्वानुमानलाई अझ भरपर्दो बनाउन यस सम्बन्धी संरचनाको आधुनिकीकरण गरिनेछ ।

२१. मेरो सरकारले हुलाक सेवाको विस्तारलाई कायमै राखी यसको गुणात्मक पक्षमा सुधार ल्याउन विशेष जोड दिनेछ । रेडियो नेपालको प्रसारणलाई प्रभावकारी बनाउन भी-स्याटको प्रयोग गरिनेछ । नेपाल टेलिभिजनको प्रसारणलाई अधिराज्यव्यापी बनाइनेछ । दूरसञ्चार सेवाको स्थापना, सञ्चालन र विकासमा निजी क्षेत्रलाई संलग्न गराउने नीति जारी रहनेछ । ग्रामीण टेलिफोन एक्सचेञ्जहरूको स्थापना र सञ्चालन गर्ने कार्यमा तदारुकता ल्याइनेछ । काठमाडौं उपत्यका लगायत केही प्रमुख शहरी क्षेत्रहरूमा सेलुलर मोबाइल टेलिफोन र पेजिङ्ग सेवा उपलब्ध गराइनेछ ।

२२. स्वास्थ्य सम्बन्धी आयोजनाहरूमा स्थानीय स्रोत र साधनको अधिकतम परिचालन गर्न निजी तथा गैर सरकारी क्षेत्रको संलग्नतामा वृद्धि गरिनेछ । परिवार नियोजन तथा सुरक्षित मातृत्व कार्यक्रमलाई प्रभावकारी बनाइनेछ । स्वास्थ्य र गरीबी बीचको अन्तरसम्बन्धलाई दृष्टिगत गर्दै अत्यावश्यक स्वास्थ्य सेवालाई सर्वसुलभ बनाइनेछ । बढ्दो शहरीकरणको कारणबाट देखा परेका संक्रामक रोगहरूको निदान तथा उपचारका लागि प्रभावकारी कदम चालिनेछ । आयुर्वेद तथा अन्य परम्परागत चिकित्सा सेवालाई आधुनिकीकरण गर्नेतर्फ आवश्यक कार्य गरिनेछ । अत्यावश्यक र गुणस्तरीय औषधिको उत्पादनमा मुलुकलाई आत्मनिर्भर गराउन उपयुक्त कार्यक्रम ल्याइनेछ ।

२३. मेरो सरकारले प्रशासनिक निर्णय प्रक्रियालाई पारदर्शी बनाई सरकारी नीति



तथा कार्यक्रमको कार्यान्वयन एवं जनतामा पु-याइने सेवालाई छिटो, छरितो र प्रभावकारी बनाउनेछ । निजामती प्रशासनलाई सुदृढ गर्न मेरो सरकारले संसदको तेह्रौं अधिवेशनबाट पारित निजामती सेवा विधेयकलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नेछ । चुस्त र छरितो प्रशासनयन्त्र प्रदान गर्न देशको बदलिंदो आवश्यकतानुसार उच्चस्तरीय प्रशासन सुधार आयोग, २०४८ को सुझाव समेतलाई ध्यानमा राखी वर्तमान प्रशासनयन्त्रको पुनर्संरचना गरिनेछ ।

२४. मेरो सरकार स्वच्छ र भ्रष्टाचारमुक्त प्रशासन प्रदान गर्न कटिबद्ध छ । सरकारी निकाय तथा संस्थानहरूबाट हुने ठेक्का-पट्टा, खरिद-बिक्रीका सम्पूर्ण प्रक्रियाहरू पारदर्शी बनाउनुका साथै यी कार्यहरूको कार्यान्वयनमा गुणस्तर कायम गर्न अनुगमनको व्यवस्था कडाइका साथ लागू गरिनेछ । भ्रष्टाचार र चुहावटका सम्पूर्ण सम्भावनालाई नियन्त्रण गरिनेछ ।

२५. मेरो सरकार कानूनी राज्यको अवधारणाप्रति पूर्ण प्रतिबद्ध छ । मौजुदा दण्ड व्यवस्थालाई पुनरावलोकन गरिनेछ र असमर्थ पक्षको प्रतिनिधित्वका लागि नि:शुल्क कानूनी सेवा उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ । मानव अधिकारको संरक्षण र प्रत्याभूतिका लागि मेरो सरकार दत्तचित्त छ । नयाँ संसद भवन निर्माण गर्नेतर्फ आवश्यक प्रक्रिया अघि बढाइनेछ ।

२६. देशको सीमा क्षेत्रको सुरक्षाका साथै सीमा स्तम्भहरूको सुरक्षण र सुव्यवस्था गर्नेतर्फ मेरो सरकार प्रतिबद्ध छ । जनताको ज्यू-धनको सुरक्षाका लागि हिंसात्मक तथा आतंककारी गतिविधिमाथि पूर्ण नियन्त्रण गरी सुरक्षा व्यवस्थालाई अझ विश्वसनीय र प्रभावकारी बनाइनेछ । मतदाता परिचय-पत्र वितरण कार्यलाई क्रमश: सबै निर्वाचन क्षेत्रमा विस्तार गरी निर्वाचन व्यवस्थापनलाई सुदृढ र निष्पक्ष बनाइनेछ । नेपाली नागरिकहरूलाई सरल रूपमा नागरिकताको प्रमाणपत्र उपलब्ध गराउने कार्यलाई जारी राखिनेछ । प्राकृतिक प्रकोपको असरको न्यूनीकरण र प्रकोपपीडित जनताका लागि उद्धार तथा राहत सम्बन्धी कार्यक्रमलाई प्रभावकारी बनाइनेछ । अधिराज्यका खास गरी शहरी क्षेत्रमा लागू औषध दुर्व्यसन नियन्त्रण कार्यलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।

२७. मेरो सरकारले राष्ट्रिय एवं अन्तर्राष्ट्रिय परिस्थिति अनुरूप शाही नेपाली

सेनालाई सुदृढ, सक्षम तथा दक्ष बनाउने कार्य जारी राख्नेछ । सर्वसाधारण जनतालाई प्रत्यक्ष सहयोग पुऱ्याउन शाही नेपाली सेनालाई विकासमूलक कार्य, प्राकृतिक प्रकोप एवं दुर्घटनाको उद्धार तथा राहत कार्य र जलाधार तथा वन्यजन्तु संरक्षण कार्यमा संलग्न गराउने नीति कायमै राखिनेछ । संयुक्त राष्ट्र संघको आव्हानमा शान्ति स्थापना गर्ने कार्यमा शाही नेपाली सेनाको सहभागिता गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

२८. संयुक्त राष्ट्रसंघको बडापत्र, राष्ट्रिय स्वार्थको जगेर्ना, पञ्चशील, मानवाधिकार र असंलग्नताको सिद्धान्तको आधारमा सबै राष्ट्रहरूसंग मैत्रीपूर्ण सम्बन्धको स्थापना र सुदृढीकरण गर्ने मेरो सरकारको परराष्ट्र नीतिको मूलभूत उद्देश्य कायमै रहनेछ । गत वर्ष विश्व खाद्य तथा कृषि संगठनको ५२ औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्ने सिलसिलामा हामीबाट गरिबक्सेको इटलीको भ्रमण र त्यसपछि भएको मित्रराष्ट्र भारतको भ्रमण तथा हाम्रा छोरा श्री ५ युवराजाधिराजबाट भएको पाकिस्तान, जर्मनी र निदरल्याण्डस्को भ्रमण तथा भारतका राष्ट्रपति, स्विस महासंघका राष्ट्रपति र संयुक्त अधिराज्यका युवराजबाट भएको नेपाल भ्रमणबाट नेपाल र ती मित्रराष्ट्रहरू बीचको घनिष्ठ सम्बन्धलाई अझ सुदृढ पार्न मद्दत पुगेको छ । दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) लाई आर्थिक, प्राविधिक, बाणिज्य र लगानी सम्बन्धी सहयोगको भरपर्दो मेरुदण्डको रूपमा उन्मुख गराउन मेरो सरकार प्रयत्नशील रहनेछ । सार्क अन्तर्गत उपक्षेत्रीय सहयोगको अवधारणालाई अघि बढाई यस क्षेत्रको द्रुततर आर्थिक विकास गर्ने साझा लक्ष्य हासिल गर्ने नेपालको प्रतिबद्धता कायमै राखिनेछ । विदेशस्थित शाही नेपाली राजदूतावास र नियोगहरूको प्रभावकारिताका सम्बन्धमा देशको आर्थिक हित, लगानीको अभिवृद्धि र पर्यटन प्रवर्द्धनको लागि भएका क्रियाशीलताका आधारमा विश्लेषण गरी आर्थिक कूटनीतिको अवधारणालाई मूर्त रूप दिइनेछ ।

विगत केही वर्षदेखि भूटान छोड्न बाध्य भएका भूटानी शरणार्थीहरूको ठूलो संख्याबाट नेपालले भोग्नुपरेको आर्थिक, सामाजिक एवं वातावरणीय समस्या र शरणार्थीहरूको मानवीय समस्यालाई दृष्टिगत गरी समस्याको समाधानका लागि सबै संभव उपायको खोजी गर्ने प्रयास जारी रहनेछ ।

२९. राष्ट्रियता र राष्ट्रहितको सम्वर्द्धन गर्दै जनताको आकांक्षा र भावना अनुरूप



मुलुकको सर्वाङ्गीण विकास कार्यमा मेरो सरकार समर्पित रहनेछ । नेपालको विकास प्रयासमा योगदान पुऱ्याउने मित्रराष्ट्र र दातृ-संस्थाहरू प्रति मेरो सरकार आभार व्यक्त गर्दछ । देश निर्माण तथा आर्थिक सुव्यवस्था बनाइराख्ने कार्यमा सबै राजनीतिक दलको समझदारी प्राप्त गरी राष्ट्रिय सहमतिको निर्माण गर्न मेरो सरकारले उठाएको पाइलालाई सबैको सद्भाव एवं सहयोग प्राप्त हुने विश्वास हामीले लिएका छौं ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरुन् ।

जय नेपाल !

२०५६।५६

# श्री ५ महाराजाधिराजबाट

## संसदको सोऱ्हौं अधिवेशनको दुवै सदनको संयुक्त बैठकलाई बक्सेको शाही सम्बोधन

सम्वत् २०५६ साल आषाढ १७ गते रोज ५


# श्री ५ महाराजाधिराजबाट

## संसदको सोऱ्हौं अधिवेशनको दुवै सदनको संयुक्त बैठकलाई बक्सेको शाही सम्बोधन


*प्रतिनिधि सभाका सभामुख,*
*राष्ट्रिय सभाका अध्यक्ष तथा*
*सांसदहरू,*

१. आम निर्वाचन पछि संसदको यस सोऱ्हौं अधिवेशनलाई सम्बोधन गर्न पाउँदा हामीलाई खुशी लागेको छ। नेपाली जनताको उत्साहपूर्ण सहभागितामा सम्पन्न यस प्रजातान्त्रिक अभ्यासबाट बहुदलीय संसदीय

व्यवस्था अझ सुदृढ हुँदै गएकोछ । राजनीतिक स्थिरता, सुशासन, सचेत नागरिक समाज र शान्तिपूर्ण प्रजातान्त्रिक अभ्यासद्वारा नेपाललाई आगामी शताब्दीको प्रथम चरणमा नै समुन्नत र समतामूलक राष्ट्रको रूपमा विकसित गर्ने दिशामा नयाँ जनादेश प्राप्त मेरो सरकारले अझ बढी बलियो आधारशिलाको निर्माण गर्नेछ ।

२. गरीबी निवारण मेरो सरकारको विकास प्रयास, योजना र कार्यक्रमको मूल उद्देश्य हो । यो उद्देश्य प्राप्तिको लागि मेरो सरकार जनताको आयवृद्धि हुने, रोजगारी बढाउने तथा आर्थिक एवं सामाजिक क्षेत्रमा व्याप्त भेदभाव र असमानतालाई हटाउने विभिन्न नीति र कार्यक्रमहरू कार्यान्वयन गर्न प्रतिबद्ध छ । यस क्रममा मेरो सरकारले ग्रामीण जनताको गरीबी र बेरोजगारी समस्यालाई समाधान गर्न र कृषिमा आश्रित अधिकांश जनताको जीवनस्तर उठाउन कृषिको व्यावसायीकरण, कृषिजन्य उद्योगको स्थापना, ग्रामीण पूर्वाधार विकास, पर्यटन तथा साना एवं घरेलु उद्योग व्यवसाय प्रवर्द्धन गर्ने नीति अवलम्बन गर्नेछ । निरपेक्ष गरीबीको रेखामुनि रहेका परिवारहरूको जीवनस्तर उकास्न ग्रामीण विकासका लागि प्रतिबद्ध बैंक एवं अन्य लघु कर्जा प्रदान गर्ने संस्थाबाट सुलभ ऋण परिचालन गरी स्वरोजगारका अवसरहरू श्रृजना गरिनेछ । वृद्ध, विधवा, असहाय र अपांगहरूको लागि सामाजिक सुरक्षाको कार्यक्रमलाई प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ । देशका उत्पीडित, दलित, आदिवासी, जनजाति तथा महिलाहरूको हकहित संवर्द्धन गर्न र जीवनस्तर उठाउन विकास निर्णयहरूमा उनीहरूको सहभागिताका लागि ठोस नीति र कार्यक्रम लागु गरिनेछन् । यस्का



साथै मेरो सरकारले देशमा विद्यमान सुकुम्वासी र कमैयाहरूको समस्या समाधान गर्न समयवद्ध कार्यक्रम ल्याउने छ । शक्ति विकेन्द्रीकरणको माध्यमबाट "गाउँको अधिकार गाउँलाई दिने" नीति अनुरुप हाल लागु गरिएको स्थानीय स्वायत्त शासन ऐनको प्रभावकारी कार्यान्वयन गर्न मेरो सरकार कटिबद्ध रहनेछ । देशको सन्तुलित विकासको अनिवार्यतालाई ध्यानमा राखी मानव विकास परिसूचकको आधारमा ज्यादै पछाडि परेका हिमाली तथा उच्च पहाडी जिल्लाहरूको समुचित विकास गर्न ती क्षेत्रहरूमा शिक्षा, स्वास्थ्य, संचार, यातायात, विद्युत जस्ता पूर्वाधारको विस्तार एवं अन्य रोजगारमूलक कार्यक्रमहरू विशेष प्राथमिकताका साथ कार्यान्वयन गर्ने नीति लिइनेछ । वन व्यवस्थापन कार्यक्रमहरूलाई प्रभावकारी बनाउँदै मुलुकको वन क्षेत्रलाई उत्पादनशील, रोजगारीमूलक तथा आयमूलक बनाउँदै लगिनेछ ।

३. मुलुकको जन धनको सुरक्षा गर्न तथा शान्ति सुव्यवस्थालाई सुदृढ बनाउन अझ सजग र सक्रिय रही मेरो सरकारले यसका लागि आवश्यक नीतिगत र प्रशासनिक कदम चाल्नेछ । भ्रष्टाचार निवारण गर्ने निकायहरूको भूमिकालाई स्वच्छ र प्रभावकारी पार्नुको साथै त्यस सम्बन्धी विद्यमान ऐन, नियम र कार्यविधिमा समसामयिक सुधार थालिनेछ । नेपाली नागरिकलाई सरल रूपमा नागरिकता उपलब्ध गराउने कार्यलाई प्रभावकारी रूपमा अगाडी बढाइनेछ ।

४. लोककल्याणकारी राज्यको अवधारणा अनुरुप सरकारले निर्वाह गर्ने दायित्व र भूमिका मेरो सरकारले अझ सुदृढ गर्दै लानेछ । काठमाडौं उपत्यका लगायत मुलुकका विभिन्न शहरी तथा ग्रामीण

क्षेत्रका जनतालाई स्वच्छ खानेपानी पुऱ्याउन र सरसफाइ सम्बन्धी जनचेतना अभिवृद्धि गर्न मेरो सरकार प्रतिबद्ध छ । अत्यावश्यकीय स्वास्थ्य सेवा सबै जनतामा पुऱ्याउने नीति मेरो सरकारले लिनेछ । महिला शिक्षालाई प्रोत्साहित गर्दै लैजान उच्च शिक्षातह सम्म छात्रवृत्तिको प्रभावकारी कार्यक्रम ल्याइनेछ । मेरो सरकार युवा शक्तिको विकास र परिचालन, महिला सशक्तिकरणमा जोड दिन एवं बालश्रम निषेध गर्न कटिबद्ध रहनेछ । शिक्षाको गुणस्तरमा सुधारसंगै नैतिक एवं प्राविधिक शिक्षामा जोड दिंदै स्वरोजगारका लागि सक्षम तथा मुलुकको विकास कार्यको लागि आवश्यक जनशक्ति निर्माण गर्ने शिक्षा नीतिको अवलम्बन गरिनेछ । मेरो सरकारले देशमा विद्यमान वेरोजगारी समस्यालाई समाधान गर्न स्वदेशी एवं वैदेशिक रोजगारीको लागि विशेष कार्यक्रम ल्याउनेछ ।

५. गरीबी निवारणको मूल उद्देश्य प्राप्तिको लागि मेरो सरकारले मूलत: कृषि, जलश्रोत, पर्यटन, भौतिक पूर्वाधार विकास तथा उद्योग–वाणिज्य जस्ता क्षेत्रमा आर्थिक गतिविधिहरूलाई विस्तारित गर्ने तर्फ ध्यान केन्द्रित गर्नेछ । नेपालको समग्र आर्थिक रुपान्तरणका लागि कृषि क्रान्तिको आवश्यकतालाई महशूस गर्दै कृषि क्षेत्रको लगानीमा वृद्धि तथा व्यावसायिकीकरण गरी रोजगारी वृद्धि गर्नका लागि दीर्घकालीन कृषि योजनालाई सशक्त रूपमा कार्यान्वयन गर्न कृषि सडक, सिंचाइ, रासायनिक मल, ग्रामीण विद्युतीकरण एवं कृषि ऋण प्रवाहलाई सघन र एकीकृत रूपमा विस्तारित गरिनेछ । कृषिजन्य उपजको आन्तरिक एवं अन्तरराष्ट्रिय बजार प्रवर्द्धन गर्न सहकारी संस्था एवं निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

६. मेरो सरकारले "जलश्रोतको विकास : राष्ट्रिय समृद्धिको आधार"



भन्ने मान्यता अन्तर्गत रही यस क्षेत्रको समष्टिगत विकासका लागि राष्ट्रिय सहमतिका आधारमा एक राष्ट्रिय रणनीति तर्जुमा गर्नेछ । जलविद्युत् आयोजनाहरूको विकासमा आन्तरिक तथा बाह्य निजी पूंजी लगानी आकर्षण गर्न विद्यमान नीति र कानूनमा समसामयिक सुधार गरिने विधेयक संसदमा प्रस्तुत गरिनेछ । सिंचाइ आयोजनाहरूको दिगो र प्रभावकारी संचालन तथा मर्मत, संभार तथा संचालनमा कृषक उपभोक्ताको सहभागिता बढाउँदै लगिनेछ ।

७. पर्यटन क्षेत्रको संख्यात्मक तथा गुणात्मक विकासकालागि धार्मिक, सांस्कृतिक एवं स्थानीय शील्पकलाको संवर्द्धन तर्फ विशेष ध्यान दिइनेछ । यसका लागि कानूनमा आवश्यक सुधार गरिनेछ । आन्तरिक पर्यटनको विकास र विस्तार गर्न तथा पर्यावरण अनुकूल पर्यटनको प्रवर्द्धन गर्न जनचेतना जगाउने कार्यलाई निरन्तरता दिइनेछ । पर्यटन उद्योगलाई ग्रामीण स्तर सम्म पुऱ्याउने कार्यक्रम संचालन गरिनेछ ।

८. मेरो सरकारले उद्योग वाणिज्य क्षेत्रहरूलाई गतिशील बनाउँदै लैजान, स्वदेशी र विदेशी लगानी आकर्षित गर्न थप नीतिगत, कानूनी, प्रशासनिक र प्रक्रियागत सुधार गर्दै मुलुकको अर्थ–व्यवस्थालाई अझ आकर्षक उदार र प्रतिस्पर्धायुक्त बनाउनेछ । मेरो सरकारले खनिज अन्वेषण एवं विकास तथा खनिजमा आधारित उद्योगको स्थापना र प्रवर्द्धनलाई प्रोत्साहित गर्न स्वदेशी तथा विदेशी निजी लगानी र प्रविधि आकर्षित हुने कार्यक्रम ल्याउनेछ । सूचना प्रविधि

पार्कको विकासमा निजी क्षेत्रलाई सहभागी बनाई निर्यातमुखी कार्यक्रमहरू अगाडि बढाइनेछन् ।

९. यसै गरी मेरो सरकारले कृषि तथा औद्योगिक उत्पादन र तिनको गुणस्तरमा वृद्धि गरी निर्यात व्यापारको विविधीकरण र प्रवर्द्धन गर्ने नीति लिनेछ । मेरो सरकारले उद्योग व्यापार क्षेत्रको पूर्वाधारको सुविधामा वृद्धि गर्ने तथा पारवहन सुविधामा सुधार ल्याउनेछ ।

१०. मेरो सरकारले वैदेशिक निर्भरता क्रमश: कम गर्दै आत्मनिर्भर अर्थतन्त्रको विकास गर्ने लक्ष्यका साथ वैदेशिक सहायताको उत्पादनशील प्रयोग माथि जोड दिनेछ । खर्चको व्यवस्थापन, राजस्व परिचालन र आर्थिक अनुशासनमा मेरो सरकारले विशेष जोड दिनेछ । निर्यात क्षेत्र र राष्ट्रिय प्राथमिकताका क्षेत्रहरूमा सुलभ रूपमा बैंक कर्जा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । विगतका अनुभवहरूको आधारमा आवश्यकता अनुसार सार्वजनिक संस्थानहरूको निजीकरण गर्ने प्रक्रियालाई प्रभावकारी बनाइनेछ । मूल्य अभिवृद्धि करलाई सरल र द्विविधा रहित बनाउँदै यसको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

११. मेरो सरकारले जनतामा सेवा पुऱ्याउने सरकारी निकायहरूको क्षमतामा विस्तार गर्दै प्रशासन यन्त्रको कार्यकुशलतामा वृद्धि गर्ने तर्फ जोड दिनेछ । प्रशासनलाई दक्ष, कम खर्चिलो, उच्च मनोबलयुक्त र जिम्मेवारीपूर्ण बनाउँदै सुशासनको लागि मेरो सरकार क्रियाशील रहनेछ ।

१२. मेरो सरकारले संयुक्त राष्ट्र संघको वडापत्रमा निहित सिद्धान्तहरू



प्रति अटल आस्था राख्दै असंलग्न परराष्ट्र नीति अवलम्बन गर्दै जानेछ । गत वर्ष हामीबाट गरिबक्सेको गणतन्त्र भारतको राजकीय भ्रमण, हाम्रा प्रधानमन्त्रीबाट भएको जापान, दक्षिण अफ्रिका तथा कतारको भ्रमणबाट नेपाल र ती मित्र राष्ट्रहरू बीच रहेको परम्परागत घनिष्ठ सम्बन्ध अझ सुदृढ हुन गएकोछ । हाम्रो निमन्त्रणामा निकट भविष्यमा नै हुन लागेको श्रीलङ्काकी महामहिम राष्ट्रपति श्रीमती चन्द्रिका भण्डारानायक कुमारातुङ्गाको नेपालको राजकीय भ्रमणले हाम्रो दुई देश बीच रहिआएको मैत्रीपूर्ण सम्बन्ध अझ सुदृढ हुन जाने छ भन्ने विश्वास हामीले लिएका छौं । भारतसंग सम्पन्न भएको पारवहन सन्धिले दुई देश बीचको सम्बन्धमा नयाँ आयाम थपेको छ । यसवर्ष नेपालमा आयोजना हुन लागेको सार्कको एघारौं शीर्षस्थ सम्मेलनलाई सफल पार्ने काममा सम्पूर्ण देशवासीको पूर्ण सहयोगको अपेक्षा राख्दै मेरो सरकार दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनलाई बढी कार्यमूलक एवं परिणाममुखी बनाउनेतर्फ प्रयत्नशील रहनेछ । आठौं दक्षिण एशियाली खेलकूद काठमाडौंमा सम्पन्न गर्न मेरो सरकार कटिवद्ध छ । मेरो सरकारले भूटानी शरणार्थीहरूको समस्याको शान्तिपूर्ण समाधानको लागि कूटनीतिक प्रयास जारी राख्नेछ ।

१३. हालै सम्पन्न संसदीय निर्वाचनको सफलतामा योगदान पुऱ्याउने सम्पूर्ण देशवासीहरूलाई मेरो सरकार धन्यवाद ज्ञापन गर्दछ । जनताको आकांक्षा पूरा गर्ने जिम्मेवारीप्राप्त यो सरकार बहुदलीय प्रजातन्त्रलाई मर्यादित एवं संस्थागत गर्दै मुलुकको विकास कार्यमा निष्ठापूर्वक संलग्न रहनेछ । नेपाली जनताको आर्थिक समृद्धिका अभियानमा संलग्न सबै देशवासी, मित्र राष्ट्रहरू तथा अन्तरराष्ट्रिय

संघ संस्थाहरू प्रति आभार व्यक्त गर्दै मेरो सरकार सम्बद्ध सबै पक्षबाट निरन्तर सहयोग र सद्भावको अपेक्षा गर्दछ ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरुन् !

जय नेपाल !

२०५७।५८

# श्री ५ महाराजाधिराजबाट

## संसदको अठारौं अधिवेशनको दुवै सदनको संयुक्त बैठकलाई बक्सेको शाही सम्बोधन

सम्वत् २०५७ साल जेठ ६ गते रोज ६

# श्री ५ महाराजाधिराजबाट

## संसदको अठारौं अधिवेशनको दुवै सदनको संयुक्त बैठकलाई बक्सेको शाही सम्बोधन

*प्रतिनिधि सभाका सभामुख,*
*राष्ट्रिय सभाका अध्यक्ष तथा*
*सांसदहरू ।*

१. विश्वमा नवीन आशा र सम्भावना लिएर आएको नयाँ सहस्राब्दी प्रारम्भपछिको संसदको अठारौं अधिवेशनलाई सम्बोधन गर्न पाउँदा हामीलाई खुशी लागेको छ । नेपाली जनतालाई भयरहित स्वतन्त्र जीवनको प्रत्याभूति दिन र प्रजातान्त्रिक एवं समुन्नत नेपालको परिकल्पना साकार पार्न मेरो सरकारले शान्ति सुरक्षाको विश्वसनीय वातावरण कायम गर्दै स्वच्छ, निष्पक्ष र पारदर्शी प्रशासनयन्त्रद्वारा जनतालाई सरल र सुलभ तवरबाट समयमै सेवा र सुविधा प्रदान गरी सुव्यवस्था र सुशासन कायम गर्ने प्रयत्नहरूलाई दृढतापूर्वक अघि बढाउने छ ।

२. विगत केही वर्षदेखि मुलुकमा देखिँदै आएको हिंसात्मक गतिविधि नियन्त्रण गरी जनताको जिउ-धनको सुरक्षा गर्न प्रहरी र राष्ट्रिय अनुसन्धान विभागलाई उच्च मनोबलयुक्त र साधन सम्पन्न बनाइनेछ । देशभर शान्ति, सुव्यवस्था कायम गरी शासन सञ्चालनमा नागरिक समाजको भूमिका प्रभावकारी बनाउनका लागि आवश्यक कानूनी व्यवस्था गरिनेछ ।

३. गरीबी निवारणलाई उच्च प्राथमिकता दिँदै देश-विकासको अभियानलाई प्रभावकारी रूपले अगाडि बढाउन मेरो सरकार कटिबद्ध रहनेछ । यस अभियानमा बाधा व्यवधानको रूपमा देखा परेका भ्रष्टाचार, कमिशनतन्त्र र राजस्व चुहावट जस्ता कुप्रवृत्ति रोक्नका निमित्त विद्यमान कानूनहरूमा संशोधन, नयाँ कानूनहरूको तर्जुमा र नीतिगत एवं संरचनात्मक सुधारका उपायहरू अवलम्बन गर्ने कार्यहरूको थालनी भैसकेको छ र यसक्रमलाई अरु सशक्त ढंगले अघि बढाइनेछ ।

४. मेरो सरकारले अदालतहरूलाई पनि समयानुकूल आधुनिकीकरण गर्दै जाने क्रममा भौतिक पूर्वाधारको विकास, संस्थागत विकास, कार्यविधिको सरलीकरण, न्यायपालिकामा कार्यरत जनशक्तिको क्षमतामा अभिवृद्धि गर्ने जस्ता कार्यक्रमहरू प्रारम्भ गरी न्यायलाई छिटो, छरितो र सुलभ बनाउने कार्यमा विशेष जोड दिने नीति लिइनै रहनेछ ।

५. बहुदलीय प्रजातन्त्रलाई सुदृढ गर्दै जानका लागि निर्वाचन पद्धतिलाई स्वच्छ र निष्पक्ष तुल्याउने उद्देश्यले मतदाता परिचयपत्रको व्यवस्थालाई क्रमशः विस्तार गर्दै लैजाने मेरो सरकारको नीति रहेको छ ।

६. विश्वमा आएको नयाँ परिवर्तनलाई आत्मसात् गर्दै निजी क्षेत्रको विकास र विस्तारमा जोड दिनुको साथै सामाजिक न्यायका लागि



विपन्न वर्ग र पिछडिएका क्षेत्रहरूको उत्थानका निम्ति सार्वजनिक सेवाका क्षेत्रमा लगानी वृद्धि गरिनेछ ।

७. उच्च आर्थिक वृद्धिदर हासिल गरी राष्ट्रका समस्त जनताको जीवनस्तर उठाउनका लागि आन्तरिक साधन र स्रोतको परिचालन बढाउन र वैदेशिक साधन र स्रोत माथिको निर्भरता क्रमशः घटाउँदै लैजान मेरो सरकारले वित्तीय क्षेत्रको सुधारमा विशेष ध्यान दिनेछ ।

८. कृषि क्षेत्रबाट ठोस उपलब्धि हासिल गर्न कृषि पेशालाई व्यवसायमुखी र आकर्षक तुल्याउने निर्यातमूलक नगदेबालीहरूको उत्पादन तर्फ जोड दिइनेछ । साथै दीर्घकालीन कृषि योजनालाई व्यावहारिक र कार्यमूलक बनाउँदै कृषिलाई मुलुकको समष्टिगत आर्थिक वृद्धि र गरीबी निवारणको अगुवा क्षेत्रको रूपमा लिई कार्यक्रम सञ्चालन गरिनेछ । खाद्यान्न न्यून हुने क्षेत्रमा खाद्य सुरक्षाको निश्चितताको लागि विशेष कृषि उत्पादन कार्यक्रमहरू सञ्चालन गरिनेछ । कृषि लगायत विविध क्षेत्रमा आश्रित विशेषतः कमजोर वर्गका लागि सहाराको रूपमा सहकारी कार्यक्रमहरूलाई अगाडि बढाइनेछ । कृषक वर्गको हितका लागि भूमिसुधार कार्यक्रमलाई अझ उत्पादनशील र जनमुखी बनाउनुको साथै कमैया प्रथाको उन्मूलन गर्न सो सम्बन्धी कार्यक्रमहरूलाई प्रभावकारी रूपमा लागु गरिनेछ ।

९. औद्योगिक विकासको क्रममा भौतिक पूर्वाधारको विकास गर्दा वातावरणको सन्तुलन, रोजगारीका अवसरको सिर्जना र वैदेशिक लगानीलाई आकर्षित गर्ने तर्फ मेरो सरकार प्रयत्नशील रहनेछ । विदेशी लगानीकर्ताहरूलाई नेपालमा लगानीको वातावरण तयार गर्न औद्योगिक विकास र लगानी प्रवर्द्धन सम्बन्धी विद्यमान नीति, व्यवहार तथा कानूनहरूमा समयानुकूल परिमार्जन गर्दै लगिनेछ ।

१०. जलस्रोतको विकासमा निजी क्षेत्र र वैदेशिक लगानी समेत परिचालन गर्न विद्युत सम्बन्धी रणनीति तयार गरी लागु गरिनेछ । उद्योग तथा कृषि व्यवसायमा र ग्रामीण क्षेत्रमा समेत पानी र बिजुलीको आपूर्ति गर्ने प्रयास मेरो सरकारले गर्नेछ । नदी नियन्त्रणको लागि जनसहभागिता समेत उपलब्ध हुने गरी तत्सम्बन्धी गुरुयोजना तयार पारिनेछ । पञ्चेश्वर बहुउद्देश्यीय आयोजनालाई अघि बढाउनुको साथै सप्तकोशी उच्च बाँध र सुनकोशी-कमला डाइभर्सन जस्ता आयोजनाहरूको विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने कार्यलाई अघि बढाइनेछ ।

११. बढ्दो शहरीकरणको समस्यालाई ध्यानमा राखी खानेपानी, सरसफाई र बस्ती विकास जस्ता क्षेत्रहरूमा विशेष ध्यान दिँदै राजधानीको खानेपानी समस्याको समाधानका निमित्त मेलम्ची खानेपानी योजना सम्पन्न नभए सम्मका लागि उपत्यकामा उपलब्ध पानीका स्रोतहरूलाई अधिकतम उपयोग गर्ने नीति लिइनेछ । सन्तुलित विकासको अवधारणा अनुरूप मुलुकका सबै भागमा बाटो, बिजुली र पानी जस्ता सुविधाहरूको विस्तार गर्ने लक्ष्य अनुरूप सबै जिल्ला सदरमुकाम जोड्ने मोटर बाटो निर्माणमा जोड दिने र सडक सम्भारको लागि विशेष व्यवस्था मिलाउने तर्फ मेरो सरकार प्रयत्नरत रहनेछ ।

१२. राष्ट्रिय जैविक विविधता संरक्षण कार्ययोजना, सामुदायिक वन व्यवस्थापन, राष्ट्रिय निकुञ्ज आदिको उपयुक्त व्यवस्थापन गरी वनको राष्ट्रिय उपयोग र वन तथा वनजन्य साधन र स्रोतबाट गरीबी निवारण गर्ने तर्फ विशेष ध्यान दिइनेछ । भूक्षय रोक्ने र पर्यावरणीय पर्यटन (इको-टुरिज्म) का अवसरहरूको सिर्जना एवं वातावरण संरक्षण गर्ने कार्य तर्फ मेरो सरकार सक्रिय रहनेछ ।

१३. प्राथमिक शिक्षालाई सर्वसुलभ बनाउन, शिक्षामा महिला सहभागिताको वृद्धि गर्न, प्राविधिक र व्यावसायिक शिक्षामा जोड दिन र उच्च शिक्षामा अधिकतम गुणस्तर वृद्धि गराउन शैक्षिक क्षेत्रको व्यवस्थापकीय र संरचनात्मक सुदृढीकरण गरी पाठ्यक्रमहरूको परिमार्जन एवं सुधार गर्ने र खुला विश्वविद्यालयको स्थापनाका साथै उपयुक्त तालीमको व्यवस्था समेत गरिनेछ ।



१४. देश सुहाउँदो र दिगो सूचना प्रविधिको विकासका लागि अनुसन्धान र विकासका क्रियाकलापलाई प्राथमिकता दिँदै वैकल्पिक उर्जा प्रवर्द्धनमा समेत जोड दिइनेछ । देशका सबै भागमा अवस्थित जनतालाई रेडियो, टेलिभिजन, टेलिफोन र हुलाक लगायतका संचारका सुविधाहरू उपलब्ध गराउन मेरो सरकार प्रयत्नशील रहनेछ । साथै संचारग्रामको विकास गर्ने र नेपाल टेलिभिजनलाई आगामी आर्थिक वर्षभित्र भू-उपग्रहको माध्यमबाट प्रसारित गर्ने तर्फ व्यवस्था मिलाइनेछ ।

१५. आमजनतालाई स्वास्थ्य सेवा उपलब्ध गराउन देशभरिका प्रत्येक गाउँ, क्षेत्र र जिल्लाहरूमा स्वास्थ्य चौकी, स्वास्थ्य केन्द्र र अस्पतालहरूको माध्यमबाट स्वास्थ्य सेवा उपलब्ध गराउने अभियानमा जुटी रहेको मेरो सरकार चिकित्सा सेवालाई सरल र सुलभ तुल्याउन दत्तचित्त रहँदै सुरक्षित मातृत्व, परिवार नियोजन एवं बाल स्वास्थ्य जस्ता सेवाहरूमा प्रभावकारिता ल्याउन क्रियाशील रहनेछ । साथै बढ्दो जनसंख्यालाई ध्यानमा राखी जनसंख्या व्यवस्थापनमा सुधार गरिनेछ ।

१६. मेरो सरकारले विकासका विभिन्न क्षेत्रमा महिला वर्गलाई सक्रिय सहभागी गराई, आर्थिक, राजनीतिक र सामाजिक क्षेत्रमा, उनीहरूको पहुँचलाई प्रभावकारी बनाउनेछ । महिलाहरूप्रति विभेद हुने कानूनको पुनरावलोकन गर्ने र चेतना अभिवृद्धिद्वारा व्यवहारमा सुधार ल्याई उनीहरूप्रतिको सामाजिक असमानता हटाउने तर्फ विशेष प्रयत्न गर्नेछ । साथै बालबालिकाको हक अधिकारको संरक्षण गर्दै अपाङ्ग, अशक्त, परित्यक्त तथा कठीन परिस्थितिमा

रहेका बालबालिकाहरूको कल्याण गर्ने नीति अपनाइने छ र उनीहरूको चौतर्फी विकासलाई राष्ट्रिय विकासको अभिन्न अङ्गको रूपमा लिइनेछ ।

१७. समाजका उपेक्षित, दलित र पिछडिएका जनजातिहरूको जीवनस्तर, शैक्षिकस्तर र सामाजिकस्तर माथि उठाई समतामूलक समाजको निर्माणमा अग्रसर हुनुका साथै मेरो सरकारले राष्ट्रका विविध संस्कृतिको समानुपातिक विकासमा निरन्तर जोड दिनेछ ।

१८. प्रजातन्त्रको संस्थागत विकास गर्दै सामान्य जनताको अधिकार र हैसियत स्थापित गर्नका लागि विकेन्द्रीकरणको माध्यमबाट लेक, बेंसी, कुनाकाप्चा लगायत सर्वत्र छरिएर रहेका जनतालाई राष्ट्र निर्माणमा सहभागी गराउन स्थानीय निकायलाई सक्षम र सबल बनाउन मेरो सरकार प्रयत्नरत रहनेछ । विपन्न वर्गका जनतालाई आय आर्जन र स्वरोजगारमा सघाउ पुऱ्याउन विगतमा शुरु भएका विभिन्न राहत कार्यक्रमहरूलाई अरु बढी व्यवस्थित र सहभागितामूलक तुल्याई अघि बढाइनेछ ।

१९. नेपालको प्राकृतिक सौन्दर्य र संस्कृतिप्रति विश्वका मानिसहरूमा रहेको आकर्षणलाई ध्यानमा राख्दै हाम्रा प्राचीन धरोहरहरू र वातावरणको संरक्षण तर्फ विशेष ध्यान पुऱ्याइनेछ । पर्यटकहरूको सुविधाका लागि हवाई यातायात सुरक्षित बनाउने, नयाँ हवाई सम्झौता गर्ने लगायतका कुराहरूमा मेरो सरकारले जोड दिनेछ ।

२०. मुलुकको सर्वतोमुखी विकास र समाजमा न्याय, सुव्यवस्था र सुसम्बन्ध कायम गर्न मेरो सरकारले सुशासन कार्य योजना अवलम्बन गर्दै प्रशासन यन्त्रमा समयानुकूल सुधारहरू गर्दै जानेछ । साथै वृत्ति विकासका उपयुक्त अवसरहरूको सिर्जना गरी कर्मचारीहरूको मनोबल उच्च बनाउन तर्फ मेरो सरकार क्रियाशील रहनेछ ।

२१. शाही नेपाली सेनालाई आफ्नो पेशा र जिम्मेवारीको क्षेत्रमा सुदृढ



तथा दक्ष बनाउने कार्यलाई निरन्तरता दिइनेछ । आकस्मिक प्राकृतिक प्रकोप र दुर्घटना जस्ता परिस्थितिहरूमा उद्धार तथा राहत पुऱ्याउने कार्यमा, सर्वसाधारण जनतालाई प्रत्यक्ष सहयोग पुऱ्याउने विकासमूलक कार्यमा तथा संयुक्त राष्ट्र संघको आव्हानमा शान्ति स्थापनाको कार्यमा शाही नेपाली सेनालाई संलग्न गराउने नीति कायमै राखिनेछ ।

२२. संयुक्त राष्ट्र संघको बडापत्र र असंलग्नताका सिद्धान्तहरूप्रतिको प्रतिबद्धतालाई नेपालले सदा भैं कायम राखिरहनेछ । गतवर्ष आठौं दक्षिण एशियाली खेलकूदको सफल आयोजना गर्ने हाम्रो राजधानी एघारौं सार्क शिखर सम्मेलनको तयारीमा थियो । स्थगित रहेको सो सम्मेलन सम्पन्न गराउनेतर्फ नेपाल प्रयत्नशील छ । नेपालको राष्ट्रिय विकास प्रयासमा अन्तर्राष्ट्रिय सहयोग र समर्थन जुटाउने कार्यमा विदेशस्थित शाही नेपाली नियोगहरूलाई प्रभावकारी रूपमा सक्रिय गराउँदै लगिनेछ । सबै मित्रराष्ट्रहरू खास गरी छिमेकी मित्रराष्ट्रहरूसँगको निकटतम सम्बन्ध र भुटानी शरणार्थी समस्याको समाधान जस्ता कुराहरूमा मेरो सरकारका प्रयत्नहरू अरु प्रभावकारी रूपमा केन्द्रित रहनेछन् । अन्तर्राष्ट्रिय वित्तीय व्यवस्थापनको निमित्त खास गरी विकासशील मुलुकहरूको समस्याहरूको समाधानका लागि हामी एउटा उचित अन्तर्राष्ट्रिय वित्तीय संरचनाको निर्माणका पक्षधर रहिआएका छौं । मेरो सरकारले आवश्यकता अनुसार विभिन्न मित्रराष्ट्रहरूमा नियोगहरू स्थापना गर्दै लैजाने क्रममा हालैमात्र मित्रराष्ट्र कतारको दोहामा आवासीय शाही नेपाली राजदूतावास खोल्ने निर्णय गरेको छ ।

२३. बहुदलीय संसदीय प्रजातन्त्रमा क्रियाशील विभिन्न अंगहरू, राजनीतिक दलहरू, नागरिक समाजका संस्थाहरू र विभिन्न वर्गीय संगठनहरूको सहमति, सुझाव र समर्थनद्वारा देशमा विद्यमान राष्ट्रिय समस्याहरूको समाधान खोज्न सकिन्छ भन्ने मेरो सरकारको धारणा रहेको छ । यस कार्यमा मेरो सरकारले सार्थक

पहल गर्नेछ र त्यसमा सबै पक्षबाट सहयोग प्राप्त हुने आशा हामीबाट राखिबक्सेका छौं । नेपालको आर्थिक र सामाजिक विकासका प्रयासहरूमा सहयोग पुऱ्याउने सबै मित्र राष्ट्रहरू, दातृ संस्थाहरू र अन्तर्राष्ट्रिय संघ संस्थाहरूलाई मेरो सरकारले हार्दिक धन्यवाद दिंदै भविष्यमा अरू समर्थन र सहयोगको निरन्तरताको अपेक्षा राख्दछ ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !